हनुमाननगर कंकालिनी नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ९ संख्या : १ मिति : २०८२ असोज ०२ गते**

**भाग २**

**हनुमाननगर कंकालिनी नगरपालिका**

स्थानीय सरकार संचालन एने, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी हनुमाननगर कंकालिनी नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

**सम्वत् २०८२ सालको कार्यविधि नं. १**

## हनुमानननगर कंकालिनी नगर पालिका नगर अस्पताल सञ्चालन कार्यबिधि २०८२

**कार्यपालिकाको निर्णय मिति :२०८२/०५/३१**
**प्रमाणित भएको मिति : २०८२/०६/०२**

**प्रस्तावना:**

हनुमाननगर कंकालिनी नगरपालिका भित्र सबै नागरिकले आधारभुत स्वास्थ्य सेवा प्राप्त गर्न सकुन भन्ने उद्देश्यले नगरपालिकाले नेपालको संविधान २०७२ एवं स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र जन स्वास्थ्य सेवा नियमावली २०७७ अनुसार १५ शैया सम्मको अस्पताल/नगर अस्पताल स्थानीय तह आफैले स्थापना गर्न तथा सञ्चालन गर्न सक्ने सम्मको अधिकारलाई समुचित कार्यान्वयन गर्न आधारभुत स्वास्थ्य सेवालाई सहज प्रभावकारी,ब्यवस्थित र गुणस्तरीय वनाउन हनुमाननगर कंकालिनी नगरपालिकाले नगर अस्पताल सञ्चालन गर्न वाञ्छनयि(अती आवश्यक) भएकोले,स्थानीय सरकार

हनुमाननगर कंकालिनी नगरपालिका नगर अस्पताल सञ्चालन कार्यविधी, २०८२

सञ्चालन ऐन २०७४को दफा (११)२ भ बमोजिमको अधिकार प्रयोग गरी,हनुमानगर ककालिनी नगर कार्यपालिकाको मिति २०८२/०५/३१ गतेको बैठकबाट यो कार्यविधि पारित गराई कार्यान्वयनमा ल्याईएको हो ।

१.संक्षिप्त नाम र प्रारम्भ :-

क) यस कार्यविधिको नाम हनुमाननगर कालिननी नगरपालिका नगर अस्पताल सञ्चालन कार्यविधि २०८२ रहनेछ ।

ख) यो कार्यविधि हनुमानगर कंकालिनी नगरपालिकाको राजपत्रमा प्रकाशन भएपछि तुरुन्त लागु हुनेछ ।

**२.परिभाषा:-विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-**

क) "अस्पताल निर्देशक" भन्नाले नगर अस्पतालका कार्यकारी प्रमुखलाई सम्झनुपर्छ ।

ख) "आधारभुत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य सेवा आवश्यक्ता परिपुर्तिका लागि र सकारबाट सुलभ र नि:शुल्क रुपमा उपलब्भ हसने स्वास्थ्य सेवालाई सम्झनु पर्छ ।

ग)"कार्यपालिका" भन्नाले हनुमाननगर नगरपालिकाको कार्यपालिका बुझनु पर्छ ।

घ)नगरपालिका भन्नाले हनुमाननगर कंकालिनी नगरपालिका बुझनुपर्छ ।

ङ)"नगर अस्पताल " भन्नाले हनुमाननगर कंकालिनी नगरपालिकाले सञ्चालन गरेको १५ शैया अस्पताल सम्झनु पर्छ ।

च) "नगर अस्पताल सञ्चालन समिति"भन्नाले हनुमाननगर कंकालिनी नगरपालिकाले सञ्चालन गरेको अस्पताल सम्झनु पार्छ ।

छ) "नगर प्रमुख " भन्नाले हनुमाननगर कंकालिनी नगरपालिकाको प्रमुखलाई सम्झनसपर्छ ।

ज)"नगर उप प्रमुख"भन्नाले हनुमाननगर कंकालिनी नगरपालिकाको उप प्रमुखलाई सम्झनुपर्छ ।

झ) "प्रमुख प्रशासकीय अधिकृत "भन्नाले हनुमाननगर कंकालिनी नगरपालिकाको प्रमुख प्रशासकीकय अधिकृतलाई सम्झनुपर्छ ।

ञ) "परामर्श समिति " भन्नाले कार्यपालिकाले नगर अस्पताल सञ्चालन र बिकासको लागि आवश्यक्ता अनुरुप गठन गरेको सल्लाहकार समिति वा परामर्श समिति समझनु पर्छ ।

**३. नगर अस्पताल स्थापना तथा सञ्चालन प्रकिया:-**

क) नगरपालिकाले नगर क्षेत्र भित्र अस्पताल स्थापना,स्तरउन्नति र सञ्चालन गर्नका लागि आवश्यक कानुनी प्रकिया पुरा गर्नेछ ।



Scanned with CamScanner

ख)नगर अस्पताल सञ्चालन/स्तरोन्नतिका लागि आवश्यक जनशक्ति नगरपालिकाले स्वीकृत गरेको संगठन था व्यवस्थापन सर्वेक्षण अनुसार हुनेछ ।

ग)नगर अस्पताल सञ्चालन गर्न आवश्यक पूवाधार बिकास ,कर्मचारी व्यवस्थापन,श्रोत परिचालन लगायत कार्य नगरपालिकाको निर्णयवाट गरिनेछ ।

घ) प्रचलित कानूनको अधीनमा रही यस अस्पतालबाट प्रदान गरिने विविध सेवामाहरुमा नगर अस्पतालस सञ्चालन समितिवाट तोकिएके सःशुल्क सेवा दिन कुनै बाधा पर्ने छैन ।

ङ)अस्पतालमा काम गर्ने चिकित्सक तथा अन्य कर्मचारीलाई अतिरिक्त कार्य गरे वापत नेपाल सरकारवाट उपलब्ध हने सुविधाका अतिरिक्त सेवा अस्पतालल वा सञ्चालक समितिको सिफारिस र कार्यपालिकाको स्वीकृतिमा थप सुविधा प्रदान गर्न बाधा पर्ने छैन ।

च)अस्पतालले नेपाल सरकारले जन स्वास्थ्य ऐन २०७५ तथा जन स्वास्थ्य सेवा नियमावली २०७७ ले तोके बमोजिम आधारभुत स्वास्थ्य सेवा र आकस्मिक सेवा प्रदान गर्नु पर्ने छ ।

छ)अस्पतालले आफ्नो उद्देश्य र क्षमता अनुसार देहाय बमोविमका चिकित्सीय सेवा (वहिरङ्ग ,अन्तरङ्ग,ल्याव तथा फार्मेसी सेवा उपलब्ध गराउन सक्नेछन् ।

१)चिकित्सा सेवा

२)शल्यकिया सेवा,

३)फार्मेसी सेवा,

४)स्त्री तथा प्रसुती सेवा,

५)वाल तथा शिशु सेवा,

६)दन्त सेवा,

६)आकस्मिक सेवा,

७)शल्यकिया (**BEONC** )समेत

८)प्रयोगशाला सेवा तथा रक्तसञ्चार सेवा,

९)निदानात्मक सेवा,

१०)प्रयोगशाला सेवा,

११)रेडियो ईमेजिङ्ग सेवा,,



Scanned with CamScanner

१२)मेडिको लिगल सेवा,

१३)केन्द्र,प्रदेश तथा स्थानीय सरकारले तोकेको अन्य सेवा ।

१४)अन्य सेवा:फोहर मैला व्यवस्थापन,अस्पताल व्यवस्थापन तथा शवगृह व्यवस्थापन

**४.गुणस्तर सुनिश्चित सम्बन्धि मापदण्ड-**

अस्पतालले दफा ३ बमोविमको स्वास्थ्य सेवा सञ्चालन गदौ देहाय वमोवमको गुणस्तर सुनिश्चित गर्नुका साथै उल्लेखित मापदण्डको पालना गर्नुपर्नेछ ।

क)वहिरङ्ग सेवा लिन आउने विरामीको चापको आभारमा विरामी दर्ता विशेषज्ञ परामर्श,निदानात्मक सेवा,विशेषज्ञ परामर्श र फार्मेसी सेवा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्छ ।

ख) अस्पतालले विभिन्न विभागवाट दिईने सेवाहरुको स्तरीय रुपमा सञ्चालन गर्ने कार्य सञ्चालन निर्देशिका तयार गरी लागु गर्नुपर्नेछ ।

ग) अस्पतालले विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्ड वमोविम संकमण नियन्त्रणको व्यवस्थापन गर्नुपर्नेछ र सो को नियमित प्रभावकारी अनुगमन गर्नुपर्नेछ ।

घ)अस्पतालले विशेषज्ञ चिकिन्सक तथा अन्य सेवा दिने चिकिर्तकिहरुको सेवा दिने समय तालिका दिन वार स्पष्ट खुल्ने गरी सवैले देख्ने ठाउँमा सबैले देख्ने ठाउँमा राखिएको हुनुपर्नेछ ।

ङ)अस्पतालले तोकिएको सेवा तोकिएको सम्वंधित विशेषज्ञ चिकित्सक,चिकित्सक वा स्वास्थ्यकर्मीवाट सेवा दिने व्यवस्था मिलाउनुपर्छ ।

च)अस्पतालमा आउने सेवाग्राहीलाई सहज रुपमा सेवा उपलब्ध गराउन र सेवालाई व्यवस्थित गर्न सोधपुछ कक्ष/सहायता कक्ष स्थापना गर्न सकिने छ ।

छ) अस्पताल क्षेत्र वरिपरि र सम्वन्धित विभागहरु नियमित रुपमा सफा सुग्घर राखेको हुनुपर्नेछ ।

ज)अस्पतालले सेवाग्राहीले लिन चाहेको सेवा चाहेको चिकित्सकबाट सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

झ)सवैले देख्ने ठाउँमा उजुरी पेटिका , बिरामी वडापत्र र सूचना अधिकृतको फोटो फोन नम्वर सहित अस्पताल परिसरमा राख्नुपर्नेछ र आएका उजुरी जन गुनासो सुन्ने अधिकारीको फोटो फोन नं. सहित अस्पताल परिसरमा राख्नुपर्ने छ ।आएका उजुरी जनगुनासो सुन्ने अधिकारी तोकी सो उजुरी जनगुनासो समाधान सुन्न र समाधान गर्न व्यवस्था मिलाएको हुनुपर्नेछ ।

ञ)अस्पतालमा कार्यरत चिकित्सक स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरुको सेवा शर्त सम्वन्धि नियम बनाई परिचालन गनुपर्नेछ ।



Scanned with CamScanner

ट)विशेषज्ञ चिकित्सक र चिकित्सकलाई निजी क्षेत्र क्लिनिक र अस्पताल प्रशासनिक काम गर्न दिईने छैन र सो वापत नियमानुसार नन प्रैक्टिस भत्ताको व्यवस्था स्थानीय तहले व्यवस्था गनुपर्नेछ ।

ठ)बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार गर्ने पद्धतिबारे जानकारी दिई सेवा दिने व्यवस्था मिलाउनुपर्छ ।

ड)अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा स्वास्यकर्मीको व्यवस्था कार्यतालिका विभाजन गरी आकस्मिक शैया क्षमता र बिरामीको चापको  आधारमा चिकित्सक र स्वास्थ्यकर्मी परिचालन गनुपर्नेछ

ढ)आकस्मिक विभागवाट बिरामी भर्ना गर्ने बिरामीको रेफरल प्रकिया र बिरामी सार्ने पद्धति स्पस्ट परिभाषित भएको हुनुपर्नेछ ।

ण)अस्पतालमा उपचारका लागि आउने विपन्न असहाय बेवारिसे बिरामीको लागि  कुल शैयाको दश १० प्रतिशत छुट्याई नि:शुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनुपर्छ ।

त) दफा ४ को उपदफा ड र ढ बमोविम उपलव्ध गराईउको सेवाको अभिलेख राखी नगरपालिकामा सो को प्रतिवेदन अनिवार्य रुपमा बुझाउनुपर्नेछ ।

द)अस्पतालले विपद व्यवस्थापन कार्ययोजना वनाएको हुनुपर्नेछ ।सो कार्यको लागि सम्पर्क व्यक्ति तो की नगरपालिकालाई  अनिवार्य रुपमा जानकारी गराउनुपर्ने छ ।

२)अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरलाई सुनिश्चितता प्रदान गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गुणस्तर चिन्ह लिन अस्पताललाई प्रोत्साहन गरिनेछ ।

**५.स्व-मुल्यांकन तथा  प्रतिवेदन , अनुगमन सम्बन्धि व्यवस्था:-**

१.अस्पतालले आफुले प्रदान गरेको सेवाहरुको यस कार्यविधिमा उल्लेखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्वन्धिमा प्रत्येक वर्ष स्व मुल्यांकन गराई सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र नगरपालिकामा प्रचलित कानुनले तोके बमोजिमको ढाँचामा अनिवार्य रुपम पेश गर्नुपर्नेछ ।

२)दफा ५ को उपदफा १ बमाजिम तेकिएको अवधि भित्र प्रतिवेदन पेश नगरे नगर कार्यपालिकाले निर्देशन दिन सक्नेछ ।

३) यस कार्यविधि बमोजिम निरीक्षण तथा अनुगमनका कममा दिएको निर्देशन पालना नगरेमा यस निर्देशिका बमोजिमका गुणस्तर पुर्वाधार मापदण्ड पूरा नगरेमा र गुण्स्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगरेमा अूपताललाई नगरपालिकाले प्रदान गर्दै आईरहेको सेवा सुविधा तत्काल बन्द गर्न आदेश दिन सक्नेछ ।

४)अस्पताललाई कार्यवाही गर्नु पूर्व अस्पताललाई मनासिब माफीको मौका दिईनेछ ।



Scanned with CamScanner

छ) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिए तापनि अन्य प्रचलित कानुन बमोजि हुने अनुगमनले यस कार्यविधिले रोक्ने छैन ।

**६) जनशक्ति, पुर्वाधार तथा सेवा सम्बन्धि व्यवस्थामा :- २०८१ साल मंसिर ६ गते चौदहों बैठकको निर्णय नं १६ बमोजिम वडा नं.७ मा सञ्चालन रहेको स्वास्थ्य चौकी हनुमाननगरलाई स्तरोन्नति गरी नगर अस्पताल हनुमाननगर हुने निर्णय बमोजिम पुर्वाधार को व्यवस्था नभएसम्म सोही स्वास्थ्य चौकीको भवनलाई सुधार गरी नगर अस्पताल सञ्चालन गर्ने र सो स्वास्थ्य चौकीमा भएको दरबन्दी समेतलाई एककित गरी आवश्यक्तानुसार थप जनशक्ति व्यवस्थापन गर्दै जानुपर्ने छ तथा अन्य व्यवस्थाको हकमा देहाय बमोजिम हुनेछ ।**

क) फोहरमैला व्यवस्थापन:-जोखिमपुर्ण फोहरमैला व्यवस्थापनका लोग उपर्युक्त प्रविधिको व्यवस्था गर्नुको साथै फोरमैला व्यवस्थापन ऐन २०६८ तथा फोहरमैला व्यवस्थाप नियमावली २०७० कमोजिम फोहरमैला व्यवस्थापनका लागि आवश्यक पुर्वाधारको व्यवस्था लिएको हुनुपर्नेछ ।

ख) आकस्मिक सेवाको लागि देहाय बमोजिमको पर्वाधार सम्वन्धि मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

१) आकस्मिक सेवा व्यवस्थापन: कुल शैया क्षमताको १५ प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरु उपलब्ध हुनेछ ।

ग)अस्पतालबाट प्रदान गरिने प्रत्येक विशेषज्ञ सेवाको लागि ओ.पि.डी. कक्षको व्यवस्था मिलाईएको हुनुपर्नेछ ।

घं)अस्पतालका लागि समान्यतया सामान्य चिकित्सा तथा स्त्री तथा प्रसुती सेवा अनिवार्य हुनुपर्नेछ ।अन्य सेवाका लागि पुर्वाधार खडा गरी विशेषज्ञ सेवा आवश्यक्तानुसार स्वेक्षिक रुपमा सञ्चालन गर्न सकिनेछ ।

ङ)उपलब्ध भएका सेवाहरु मध्ये सेवाग्राहीले उपलब्ध भएका र रोजेका चिकित्सक संग परीक्षण गर्न पाउने व्यवस्था मिलाउन पर्नेछ ।

च)प्रयोगशाला/एक्स रे सञ्चालन सम्वन्धि व्यवस्थापन(:१)प्रत्येक किसिमको परीक्षणको लागि राष्ट्रिय प्रयोगशाला नीति अनुरुपको व्यवस्था भएको हुनुपर्नेछ । एक्स- रे सेवा प्रदान गर्दा विकिरणले पर्ने असर सावधानी अपनाउने विशेष समूहलाई खतराको संकेत दिई सावधानी सेवा प्रदायक र सेवाग्रहीले अपनाउनुपर्नेछ ।

(छ)अस्पतालले जन स्वास्थ्य सेवा नियमावली २०७७ को नियम ३ र ४ बमोजिमका आधारभुत तथा आकस्मिक सेवा उपलब्ध गराउनुको साथै यस कार्यविधिले तोके बमोजिमको स्वास्थ्य सेवाहरु उपलब्ध गराउनुपर्नेछ ।

(ज) औषधि पसलका सञ्चालन लागि देहाय बमोजिमका मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।



Scanned with CamScanner

(१).अस्पताल हाता भित्र एक सुलध फार्मेसी पसल अस्पतालले सञ्चालन गर्नेछ ।

(२).चौविसे घण्टा फार्मेसी सञ्चालनका लागि फार्मेसी विषय अध्ययन गरेका दक्ष जनशक्तिको व्यवस्था हुनुपर्नेछ ।

(३)फार्मेसी कक्षमा औषधिको गुण्स्तर ह्रास नहुने गरी सुरक्षित भण्डारण गर्ने वयवस्था मिलाउनु पर्नेछ ।साथै ताप संवदनशील औषधि तथा भ्याक्सिनको भण्डारण तोकिएको तापक्रममा भण्डारण हुनु पर्नेछ ।

(४) उपचारमा प्रयोग गरिने लागु औषधीहरु (Narcotic drugs) लागु औषध नियन्त्रण ऐन २०३३ बमोजिमअस्पतालले चिकित्सकको लिखित प्रेस्किप्सन अनुसार मात्र वितरण गर्ने व्यवस्था मिलाई साथै औषधीकोआम्दानी तथा वितरणको अभिलेख राख्नुपर्नेछ ।

(५) म्याद नाघेका औषधीहरु नियमित रुपमा नेपाल स्वास्थ्य अनुषन्धान परिषदको Hospital waste Management Guideline मा उल्लेख भएकोमा सोही बमोजिम र नभएको खण्डमा विश्व स्वास्थ्य संगठनको निर्देशिका बमोजिमको विधि अपनाई नष्ट गर्नु पर्नेछ ।

(६) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधीहरू चौबीसै घण्टा उपलब्ध हुने व्यवस्था हुनु पर्ने छ ।

(७) अस्पतालले वाह्य व्यक्ति वा संस्थालाई फार्मेसी सेवा संचालन गर्न दिएको अवस्थामा सो व्यक्ति वा संस्थालेपनि अस्पतालले पालना गर्नुपर्ने माथि उल्लेखित सम्पुर्ण शर्तहरू अनिवार्य रुपमा पालना गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(८)औषधीको खुद्रा मुल्यमा छुटको व्यवस्था भएमा सबैले देखे गरी टाँस गर्नुपर्ने छ ।

(९) भवन संहितामा उल्लेखित मापदण्ड अनुरूप औषधी पसल संचालन हुने भवन निर्माणभएको हुनु पर्दछ ।

(१०) रक्त सचार सेवा देहाय बमोजिमको पूर्वाधार पुरा गरेको हुनु पर्नेछ ।

क.अस्पताल हातामा ब्लड बैकको व्यवस्था भएको हुनु पर्ने छ । सो नभएमा विरामीको लागि आवश्यक पर्ने ब्लड उपलब्ध हुने गरी व्यवस्था मिलाउको हुनु पर्नेछ ।

हनुमाननगर कंकालिनी नगरपालिका नगर अस्पताल सञ्चालन कार्यविधि २०८२



Scanned with CamScanner

ख .ब्लड बैंकको सम्बन्धमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला निति अनुरुपको व्यवस्था भएको हुनु पर्नेछ ।

११) अस्पताल व्यवस्थापन देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

i) **सोधपुछ तथा गुनासो सुनुवाई कक्ष-** (१) सेवाग्राहीहरुको सुविधाको लागि आवश्यक कर्मचारी सहितको सोधपूध कक्षको व्यवस्था हुनु पर्नेछ ।(२) अस्पतालले प्रदान गर्ने सेवाका विषयमा सेवाग्रहीको गुनासो सुनुवाई गर्न उचित प्रबन्ध मिलाएको हुनु पर्छ।

ii) **सुचनाको संप्रेषण-** (१) अस्पताल भित्र प्रभावकारी सूचना संप्रेषणका लागि आवश्यक आन्त्रिक टेलीफोन कलको व्यवस्थाको साथै आवश्यक आधुनिक संयन्त्रको समुचित प्रयोग हुनु पर्नेछ । (२) अस्पतलमा सार्वजनिक संचार सेवाको व्यवस्था हुनुपर्नेछ। (१) प्रहरी, एम्बुलेन्स दमकल जस्ता सेवा लगायतका आकस्मिक सेवाका टेलिफोन नंम्बरहरु स्पष्ट देखिने गरि राखु पर्नेछ ।

iii) **पानी वितरण-** (१) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबीसै घण्टा शुद्ध पानी विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको आपूर्ति हुनु पर्नेछ । (२। अस्पतालमा वितरण हुने पानीको गुणस्तर परिक्षण ६/६महिनामा गराई सो-को अभिलेख राखिएको हुनु पर्नेछ ।

iV)**विधुत आपूर्ति-** (१) अस्पताल क्षेत्र भित्र र सबै विभागहरुमा चौबीसै घण्टा विद्युत आपूर्ति हुने व्यवस्था मिलाएको हुनु पर्नेछ । साथै लोड सेडितको समयमा विद्युत आपूर्ति गर्न अटोमेटिक व्याकप सिस्टम स्थापना गरेको हुनुपर्ने छ । (२) अन्य इमर्जेन्सी कक्ष र संवेदनशील कक्षहरुमा आपतकालिन विधुत-व्याक अप सिस्टम राखेको हुनु पर्नेछ ।

V) **सरसफाई तथा शौचालय व्यवस्था-** (१) अस्पतालको सम्पूर्ण क्षेत्र सधै सफा राखु पर्नेछ । (२) अस्पतालमा देहाय बमोजिमको सेवा दिईने कक्षहरु वा क्लिनिकमा शौचालयको व्यवस्था हुनु पर्नेछ ।

1. आकस्मीक कक्ष,

II. लेबर रूम,

III. प्याथोलोजी सेवा,

Iv.बहिरंग विभाग महिला र पुरुषका लागी अलग अलग,

v.डाक्टर र स्टाफका लागि आवश्यकता अनुसार,



Scanned with CamScanner

vi.प्रति छ बेड जनरल सेवामा एक,

(३) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि प्रयाप्त पानी र साबुन सहितको शौचालयको व्यवस्था हुनु पर्नेछ । (४) शौचालय सधै सफा राखेको हुनु पर्नेछ ।

**(७) मर्मत सम्भार व्यवस्था.**

क. अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमानै मर्मतको व्यवस्था हुनुपर्नेछ । साथै ठूला र गंभिर प्रकृतिका औजार उकरणहरुको कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत संभार कार्ययोजना बनाई सोही अनुरुप मर्मत गरेको हुनु पर्नेछ ।

ख. अस्पतालको भवन सवारी साधन मेसिनरी औजार यन्त्र उपकरण विद्वतीय उपकरण र अन्य विद्युतीय उपकरणहरूको नियमित मर्मत संभार गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(६) विरामी कुरुवा लाई सुविधा अस्पतालको बार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार बिरामीको साथमा रहने एक जना कुरुवालाई बस्न सक्ने प्रबन्ध हुनु पर्नेछ ।

**(८) क्यानटीन सुविधा**- अस्पताल हाता भित्र पनि खाना पकाउने र खाना खाने अलग अलग ठाँउ सहितको सफा रसुविधायुक्त क्यानटीनको व्यवस्था भएको हुनु पर्ने छ ।

**(९) लन्ड्रीको व्यवस्था**- क. आपतकालिन अवस्थामा प्रयोग हुने पन्जा, टोपी ,जुत्ता, तन्ना ,तकिया खोल, स्माल जस्ता लुगाकपडा धुनको लागि लण्ड्रीको व्यवस्था हुनुपर्नेछ . अस्पतालमा भर्ना भएका बिरामीको लुगा धुने सुविधाको व्यवस्था भएको हुनु पर्नेछ ।

**१०) भण्डार व्यवस्था**- क. आपतकालिन अवस्थामा प्रयोग हुने सामाग्रीहरुको अलग्गै भण्डार कक्ष हुनु पर्नेछ ।यस्तो भण्डारण कक्षमा कम्तिमा एक महिनाको लागि अत्यावश्यक सामाग्री स्टक राख्ने व्यवस्था हुनु पर्नेछ ।

ख, अस्पतालको लागि लत्ताकपडा सरसफाई सामाग्री औजार उपकरण तथा औषधीको न्युनतम मौज्दात रहनुपर्ने र सो सामाग्रीको उपयूक्त भण्डारणको (Refrigerator,ventilation,A/C ) आदी व्यवस्था गरेको हुनु पर्नेछ।

(११) सुरक्षा व्यवस्था- क)अस्पतालमा सुरक्षा व्यवस्था मिलाउन सुरक्षा गार्डको व्यवस्था भएको हुनु पर्नेछ ।

ख)आपतकालिन अवस्थाको लागि तत्काल सेवा प्रदान गर्ने राज्यका सुरक्षा निकाय संग समन्वय कायम गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(१२) एम्बुलेन्स संचालन -अस्पतालमा मेडिकल एटेन्डेन्ट सहितको १ वटा एम्बुलेन्स अनिवार्य हुनुपर्ने र अस्पतालले त्यस्ता मेडिकल एटेण्डेन्टलाई Basic Emergency Medicine Training दिने व्यवस्था मिलाउनुका साथै एम्बुलेन्स सेवा संचालन निति २०६० बमोजिम एम्बुलेन्स सेवा संचालन गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(१३) यातायातको व्यवस्था . अस्पतालले कम्तिमा रात्रीकालिन समयमा काम गर्ने कर्मचारीलाई आउन जान यातायातको व्यवस्था अनिवार्य मिलाउनु पर्नेछ ।

(१४) **जनशक्ती सम्बन्धी विस्तृत विवरण**ःअस्पतालले देहायमा उल्लेखित जनशक्ति भन्दा कम नहुने गरी जनशक्तिको व्यवस्थापन गर्नु पर्नेछ ।

| क्र. स. | सेवा / समुह | पद / नाम | सख्या | कैफियत |
|---|---|---|---|---|
| १ | स्वास्थ्य / जनरल हेल्थ सर्भिसेज | मे सु/ निर्देशक | १ | |
| २ | स्वास्थ्य / पब्लिक हेल्थ एडमिनेष्ट्रशन | अस्पताल प्रशासक | १ | |
| ३ | स्वास्थ्य/अवस्ट्रेटिक तथा गाइनोकलोजी | स्त्रीरोग विशेषज्ञ | १ | |
| ४ | स्वास्थ्य / जनरल हेल्थ फिजिसियन | फिजिसियन | १ | |
| ५ | स्वास्थ्य / जनरल हेल्थ सर्भिसेज | मेडिकल अधिकृत | ३ | |
| | स्वास्थ्य / जनरल नर्सिङ | सिस्टर बि एन | १ | |



हनुमाननगर कंकालिनी नगरपालिका नगर अस्पताल सञ्चालन कार्यविधि, २०७२

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | स्वास्थ्य / हेल्थ ईन्सपेक्सन | हे अ | २ | |
| | स्वास्थ्य / पब्लिक हेल्थ नर्सिङ | स्टाफ नर्स | २ | |
| १० | स्वास्थ्य / पब्लिक हेल्थ नर्सिङ | अनमी | ४ | |
| ११ | स्वास्थ्य / मेडिकल ल्याब टेक्नोलोजी | ल्याब टेक्निसियन | १ | |
| १२ | स्वास्थ्य / मेडिकल ल्याब टेक्नोलोजी | ल्याब असिस्टेण्ट | २ | |
| १३ | स्वास्थ्य / रेडियोग्राफी | रेडियोग्राफर /डार्क रुम असिस्टेण्ट | १ | |
| १४ | स्वास्थ्य / जनरल फार्मेसी | | १ | |
| १५ | स्वास्थ्य / डेन्टिस्ट्री | दन्त सहायक | १ | |
| १६ | स्वास्थ्य / हेल्थ ईन्सपेक्सन | अहेव | २ | |
| १७ | स्वास्थ्य / मेडिकल रेकर्डस | मेडिकल रेकर्डर | १ | |
| १८ | लेखा / पाँचौ | लेखापाल | १ | |
| २१ | श्रेणी विहिन | कार्यालय सहयोगी/ सुरक्षा गार्ड/स्विपर | ६ | |
| २२ | कुल जम्मा | | ३२ | |

(१५) औजार तथा उपकरण- (१) १५ शैया अस्पताल संचालनको लागि आवश्यक औजार तथा उपकरण प्रचलित संघीय तथा प्रदेश कानुनमा उल्लेख भए बमोजिम हुनेछ र सोही

हनुमाननगर कंकालिनी नगरपालिका नगर अस्पताल संचालन कार्यविधी, २०८२



Scanned with CamScanner

अनुसार औजार तथा उपकरणको व्यवस्था गर्नुपर्नेछ । (२) अस्पतालमा रहने न्युनतम प्रयोगशाला तथा उपकरणहरुको हकमा देहायमा बमोजिम व्यवस्था गर्नुपर्नेछ ।

**क-प्रयोगशालाका औजार तथा उपकरणहरू**

| S.N. | Name of instruments | Unit | Quantity |
|---|---|---|---|
| 1 | Microscope | psc | 1-2 |
| 2 | colorimeter | set | 1-2 |
| 3 | Incubator set | set | 1 |
| 4 | Hot Air Oven | set | 1 |
| 5 | Autoclave | set | 1 |
| 6 | Chemical balance | set | 1 |
| 7 | Semi Auto Analyzer (Bio chemistry) | set | 1 |
| 8 | Electrolyte Analyzer | set | 1 |
| 9 | Refrigerator | set | 1-2 |
| 10 | Blood Cell Counter | pcs | 1 |
| 11 | Incinarator | set | 1 |
| 12 | Centrifuge | pcs | 2 |

हनुमाननगर कंकालिनी नगरपालिका नगर अस्पताल सञ्चालन कार्यविधी, २०८२



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| 13 | DLC Counter | pcs | 1-2 |
| 14 | Generator | set | 1 |
| 15 | Counting chamber | pcs | 1-2 |
| | | | |

ख Imaging Equipments

| .N. | Name of Instruments | Quantity |
|---|---|---|
| | Ultra Sound Machine with color doppler and guided biopsy | 1 |
| | 300 ma X-ray Machine Digital | 1 |
| | ECG Machine | 1 |
| | 100 ma X- Ray Machine | 1 |
| | Dry view processor (CR System) | 1 |
| | | |

हनुमाननगर कंकालिनी नगरपालिका नगर अस्पताल सञ्चालन कार्यविधी, २०८२

१६. नगर अस्पताल सञ्चालन समितिको गठन तथा काम कर्तव्य र अधिकार :

१६.१ -क) गठन प्रकियाः-

नगर प्रमुख -अध्यक्ष



Scanned with CamScanner

नगर उप प्रमुख -उपाध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत -सदस्य

कार्यपाकिले मनोनयन गरेको १ जना -सदस्य

नगर अस्पताल रहेको सम्वन्धित वडा अध्यक्ष - सदस्य

स्वास्थ्य क्षेत्रका विज्ञहरु मध्येवाट कार्यपालिकाले तोकेको १ जना

महिला सहित २ जना - सदस्य

नगर सभा सदस्यहरु मध्येवाट कार्यपासलकाले मनोनयन गरेको १ जना- सदस्य

नगरपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य

नगरपालिकाको स्वास्थ्य संस्थाहरुवाट कार्यरत अधिकृत स्तरको स्थायी कर्मचारी मध्ये कार्यपालिकाले तोकेको १ जना- सदस्य

अस्पताल नसिङ्ग अधिकृत/मेट्रोन -सदस्य

अस्पताल निर्देशक - सदस्य सचिव

ख)समितिले आवश्यक ठानेमा कुनै विषय विज्ञलाई वा कुनै संस्थाको प्रतिनिधिलाई समितिको आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिन्छ।

**१६.२ नगर अस्पताल सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।**

क) अस्पतालमा आवश्यक जनशक्ति व्यवस्थापन तथा वजेट व्यवस्थापनका सम्वन्धमा नगरपालिकालाई आवश्यक सुझाव दिन सकिन्छ।

ख)उपलब्ध भौतिक सम्पत्ति(घर,जग्गा,खानेपानी,शौचालय,विजुली,फर्निचर)आदिको संरक्षण गर्ने गराउने।

ग)अस्पतालमा आकस्मिक स्वास्थ्य सेवा सहितको अस्पताल सेवा उपलब्ध हुने व्यवस्था मिलाउने।

घ)अस्पतालवाट उपलब्ध गराइने सेवाहरुको शुल्क तोक्ने।

ङ)अस्पताल सञ्चालनका लागि आवश्यक कार्यविधि,निर्देशिका वनाउने।

च)नगर अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्ति करारमा लिन नगरपालिका समक्ष माँग गर्ने

छ)आवश्यक्तानुसार अख्तियार प्रत्यायोजन गर्ने।

ज(प्रत्येक आर्थिक वर्षका लागि वजेट तथा कार्यकम कार्यपालिकामा सिफारिस गरी पठाउने।

हनुमाननगर कङ्कालिनी नगरपालिका नगर अस्पताल सञ्चालन कार्यविधी, २०८२



Scanned with CamScanner

झ) नगरपालिका मातहतका अन्य स्वास्थ्य संस्थाहरुतथा नगर अस्पताल बिचको सहकार्य,जनशक्ति आदान प्रदान र व्यवस्थापनलाई सहजीकण गर्ने ।

ञ)अस्पतालका लागि आवश्यक जनशक्ति प्रस्ताव गरी स्वीकृतिका लागि कार्यपालिका समक्ष उठाउने ।

ट)अस्पताल निर्देशकको छनोट खुल्ला प्रतिस्पर्धाको आधारमा गरी नियुक्त गर्ने ।

ड)रु पचास लाख भन्दा माथिको मूल्यांकन सेवा तथा सामानको खरीद कार्य स्वीकृत गर्ने ।

ढ)अस्पतालको वार्षिक प्रतिवेदन कायूपालिकामा पेश गर्ने ।

ण) नगरपालिकाले तोकिएको अन्य कार्यहरु गर्ने ।

**१६.३. परामर्श समिति :**

क) अस्पताल सन्चालनको विषयमा आवश्यक राय सुझाव दिने प्रयोजनको लागि नगर कार्यपालिकाले आवश्यक बिज्ञहरु सम्मिलित

एक परामर्श समिति गठन गर्नेछ ।

ख)परामशर्स समितिले अस्पताल सन्चलन था व्यवस्थापनका लागि सन्चालन तथा व्यवस्थापनका लागि सन्चालन समितिलाई आवश्यक सुझाव एवं निर्देशन दिन सक्नेछन ।

ग)कार्यपालिका र अस्पताल सन्चालन समितिको बिचमा समन्वयात्मक कार्य गर्नेछ ।

**१६.४. अध्यक्षको काम कर्त्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।**

क)बैठंकको अध्यक्षता गर्ने

ख)अस्पतालके निर्देशकलाई तथा मातहतक कर्मचारीलाई अवश्यक र्निशन गर्ने

ग)आवश्यक कार्यक्रम तथा योजना तर्जुमा गर्न निर्देशन दिने

घ)नगर अस्पतालको बृहत्तर संस्थागत हित र बिकासमा आवश्यक समन्वय गर्ने

ङ)सन्चालन समितिको बैठकको माइन्युट प्रमाणिकरण गर्ने

**१६.५.उपाध्यक्षको काम कर्त्तव्य र अधिकारदेहाय बमोजिमको हुनेछ**

क)अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने तथा अध्यक्षले गर्ने कार्य गर्ने

ख)विभिन्न निकाय,सरोकारवाला संघ संस्था,स्वास्थ्य परामर्श समिति तथा नगरपालिकाको बिचको समन्वयात्मक नेतृत्व गर्ने

कन्काई नगरपालिका नगर अस्पताल सञ्चालन कार्यविधी, २०८२



Scanned with CamScanner

ग)अनुगमन,मूल्यांकन,अभिलेख परिक्षणको संयोजकको भुमिका निर्वाह गर्ने

**१६.६ सदस्यको काम,कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :**

क)अध्यक्ष एवं समितिले दिएको जिम्मेवारी पुरा गर्ने

ख)संस्थागत हित रबिकासको लागि आवश्यक कार्य गर्ने

ग)बिभिन्न समितिहरुमा बसीनगर अस्पतालको निती निमार्णमा सहयोग गर्ने

घ)बैठक  सञ्चालनकार्यबिधि पालना गर्ने

ङ)नियमित बैठकमा उपस्थित हुने ।

**१६.७ .सदस्यको काम कर्त्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।**

क)अध्यक्ष एवं समितिले दिएको जिम्मेवारी पूरा गर्ने

ख)संस्थागत हित र  बिकासको लागि आवश्यक सहयोग गर्ने ,

ग)बिभिन्न  समितिमा बसी नगर अस्पतालको नीति निर्माणमा सहयोग गने

घ)बैठक सञ्चालन कार्यबिधि पालना गर्ने

ङ)नियमिति बैठकमा उपस्थित हुने ।

**१६.८ अस्पताल निर्देशकको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :**

क)बैठकको निर्णय लेख्ने र पदाधिकारीबाट स्वीकृत गराउने

ख)पूर्ण रुपमा अस्पताल सञ्चालन गर्ने

ग)अस्पतालको दैनिक प्रशासनिक कार्य गर्ने

घ)अभिलेख सुरक्षित/ब्यवस्थित राख्ने

ङ)अध्यक्षको आदेशानुसार बैठक बोलाउने

च)स्वीकृत दरबन्दीको परिधि भित्र रही प्रचलित कानुन अनुसार प्रकिया पुरा गरी करारमा कर्मचारी नियक्तका लागि सिफारिस

मिति समक्ष पेश गर्ने ।

**१६.९ अस्पताल निर्देशकको योग्ययता देहाय बमोजिमको हुनेछ ।**

क) नेपाली नागरिक

ख)मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. स्नातक उपाधि प्राप्त गरी कुनै पनि क्लिनिकल विषयमा स्नाकोत्तर उपाधि प्राप्त गरेकों ।

ग)स्नाकोत्तर उपाधि प्राप्त गरे पछि कम्तिमा ५ वर्षको कार्य अनुभव भएको,

घ)नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ चिकित्सकको रुपमा दर्ता भएको ,

ङ)उमेर हद:२१ वर्ष पुरा भई ५० वर्ष ननाघेको

च)नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

छ)कुनै राजनितीक दलको सदस्यता नलिएको ।

**१७.समितिको बैठक:**

सञ्चालक समितिको वैठक कम्तिमा महिनाको १ पटक बस्नेछ र आवश्यक्तानुसार अन्य समयमा समेत वस्न सक्नेछन ।

**१८ अनुगमन तथा मूल्यांकन :-**

नगर अस्पताल सञ्चालक समितिको उपाध्यक्षको संयोजकत्वमा एक ३ सदस्यीय अनुगमन तथा मूल्यांकन समिति गठन हुनेछ र दुई जना सदस्य सञ्चालक समिति भन्दा वाहिरको सम्वन्धित विज्ञ सञ्चलक समितिले मनोनयन गर्नेछ उक्त समितिले अस्पताालको नियमित अनुगमन,मुल्यांकन गर्नेछ ।

**१९.पदावधि :-**

क)नगर अस्पताल सञ्चालन समितिको पुर्ण कार्यकाल ४ वर्षको हुनेछ ।

ख)४ वर्षको कार्यकाल समाप्त नहुँदै निर्वाचित पदाधिकारीहरु एवम् सदस्यहरुको पदावधि सकिने भएमा तिनको कार्यकाल समेत समाप्त हुनेछ ।

**२० देहायका योग्यता भएको ब्यक्तिले समितिको पदाधिकारी एवम् सदस्य पदमा नियुक्तिको लागि योग्य हुनेछ ।**

क)नेपाली नागरिक

ख)२५ वर्ष पूरा भएको

गं)नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय नभोगेको ।

**२१.पद रिक्त हुने :**



नगर अस्पताल सञ्चालन कार्यविधी, २०८२

Scanned with CamScanner

१.देहायको अवस्थामा मनोनित सदस्यको पद रिक्त हुनेछ ।

क)मृत्यु भएमा ,

ख)राजिनामा दिएमा

ग)बिना सूचना लगातार तीन पटक सम्म बैठकमा अनुपस्थित भएमा

घ)फौजदारी अभियोग प्रमाणित भएमा,

ङ)कार्यपालिकाले पदबाट हटाउने निर्णय गरेमा ।

**२२ नगर अस्पताल सञ्चालन समिति बैठक सञ्चालन प्रकिया**

क)पूर्व सूचना:बैठक हुनु भन्दा तीन दिन अगाडी पत्र वा अन्य माध्यमबाट एजेण्डा सहित समितिका सदस्यहरुलाई(बैठक बस्ने मिति,समय,स्थान र छलफलको बिषय बारे जानकारी दिएको हुनु पर्दछ ।

ख)बैठक पुस्तिका बैठकको निर्णय एवं उपस्थितिको अभिलेखको लागि बैठक पुस्तिका राखेको हुनुपर्दछ

बैठको अध्यक्षता: बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले,अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र दुवैको अनुपस्थितिमा सञ्चालक समितिका जेष्ठ सदस्यले गर्नेछ ।

घ)गणपुरक संख्या: बैठकको गणपुरक संख्या कायम रहेको सदस्य संख्याको कम्तिमा ५१ प्रतिशत हुनु पर्दछ ,

ङ)प्रगति समीक्षा :अधिल्लो बैठकमा भएका निर्णयहरुको प्रगति समीक्षा गरेको हुनुपर्दछ ,

च)सदस्यहरुको सहभागिता :बैठकमा सबै सदस्यहरुाई पालै पालो आ-आफ्नो भनाई राख्ने मौका दिनुपर्छ

छ)आगामी कार्यकमहरुको जानकारी: नगर अस्पतालको निर्देशकले बैठकमा मासिक प्रगति र आगामी महिनाको विषय. वस्तु. पेश गर्नेप्रमुख वा अन्य कर्मचारीवाट आगामी महिनामा हुने स्वास्थ्य सम्वन्धि कार्यकमवारे जानकारी दिनु पर्दछ ।

ज) अभिलेख राख्ने तरीका: बैठकका निर्णहरु व्यवस्थित रुपमा निर्णय पुस्तिकामा प्रमाणीकरण गरी राख्नु पर्छ ।

**२३ राजीनामा** :-सञ्चालक समितिका सदस्यहरुले आफ्नो जिम्मेवारीको पदवाट राजिनामा दिन चाहेमा निम्न अनुसार राजिनामा दिन सक्नेछ ।

क) सदस्यले अभ्यक्ष समक्ष

ख)उपाध्यक्षले अध्यक्ष समक्ष

हनुमाननगर कङ्कालिनी नगरपालिका नगर अस्पताल सञ्चालन कार्यविधी, २०८२



Scanned with CamScanner

ग)अध्यक्षले.प्रचलित कानुन बमोजिम)

घ.अस्पताल सञ्चालनको लागि जनशक्ति नगर अस्पताल सञ्चालन समितिको सिफारिसमा हनुमाननगर कंकालिनी नगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरबन्दी बमोजिम हुनेछ ।

**२५.नगर अस्पतालको खाता सञ्चाल तथा ब्यवस्थापन :-**

क)नगर अस्पतालको आफ्नो छुट्टै खाता रहनेछ ।

ख) नगर अस्पतालको खातामा देहाय कमोजिमको रकमहरु रहनेछन

(१)नेपाल सरकार(संघीय सरकार),प्रदेश सरकार र स्थानीय तहबाट स्वास्थ्य संस्था सञ्चालनको लागि प्राप्त हुने अनुदान रकम

(२)नगर अस्पतालबाट सेवा प्रदान गरेवापत प्राप्त हुने आम्दानी वापतको रकम

(३)दातृ निकायबाट बा दाताहरुबाट प्राप्त हुने रकम

(४)अन्य आन्तरिक वा बाह्य श्रोतबाट प्राप्त रकम

ग)अस्पतालको खातामा कुनै निश्चित उद्देश्य स्वरुप जम्मा हुन आउने रकम जुन प्योजनको लागि प्राप्त भएको हो,सोही प्रयोजनको लागि मात्र खर्च गर्नुपर्नेछ ।

घ)बिदेशी सरकार,संघ संस्था वा ब्यक्तिवाट रकम प्राप्त गर्नु अघि प्रचलित कानून बमोजिम अनुमति लिनुपर्नेछ ।

ङ)अस्पतालको खाता सञ्चालन अस्पताल निर्देशक र लेखा प्रमुख गरी दूई जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ। नगर अस्पतालमा लेखा प्रमुखको ब्यवस्था नभएको अवस्थामा नगरपालिकाको लेखा प्रमुखले नगर अस्पतालको लेखा प्रमुखको रुपमा कार्य गर्नेछ ।

च) अस्पतालको खाता नगरपालिकाले तोकेको बौंक खातामा हुनेछ

छ)आर्थिक कारोवारको सञ्चालन,ब्यवस्थापन, नियन्त्रणर लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

२६. सम्पत्ति र कोष हस्तान्तरण:-साविकमा प्रचलित ऐन कानून ,आदेश निर्देशिका/नियमावली बमोजिम प्रस्तावित नगर अस्पताल (अपग्रेड) को समितिको नाममा रहेको सवै चल/अचल सवै सम्पत्ति यसै कार्यविधि बमोजिम सञ्चालन हुने नगर अस्पतालको नाममा स्वत:हस्तान्तरण हुनेछ ।

२७ लेखा र लेखा परिक्षण:-

क)अस्पतालको आय/ब्ययको लेखा महाशाखा परीक्षकको कार्यालयले तोकेको ढाँचा बमोजिम राख्नुपर्नेछ



Scanned with CamScanner

ख) कोषको आन्तरिक लेखा परिक्षण कानून बमोजिम नगरपालिकाबाट हुनेछ ।

२८ निर्देशन दिने:- नगरपालिकाले समितिको काम करवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछन र त्यसरी दिईएको लिखित निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२९ परिमार्जन

क) नगर अस्पताल सञ्चालनका कममा कुनै बाधा अडचन भएमा नगर अस्पताल सञ्चालन समितिले निर्णय गरी सो बिषयमा नगर कार्यपालिकालाई लिखित अनुरोध गर्न सक्नेछ।

ख)नगर अस्पताल सञ्चालन समितिले यस कार्यविधिको अधनिमा रही आवश्यकतानुसार प्रकिया पूरा गरी बिभिन्न निर्देशिका तथा मापदण्डहरु निर्माण गर्न सक्नेछ ।

३० अभिलेख तथ प्रतिवेदन:-

नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन सम्बन्धि भए गरेका सम्पूर्ण विवरणको विस्तृत अभिलेख राख्नुपर्नेछ । प्रत्येक वर्ष सम्पादित कार्यको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र अस्पताल निर्देशक मार्फत नगरपालिकामा पेश गर्नु पर्नेछ ।

३१ व्याख्या गर्ने अधिकार:- यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानको कार्यान्वयनमा द्विविधा उत्पन्न भएमा सो को व्याख्या गर्ने अधिकार नगरपालिकालाई हुनेछ ।

३२ प्रचलित कानून बमोविम हुने:-यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

३३ खारेजी र बचाउ:-

माथि उल्लेख भए बमोजिमका यस अघि भए गरेका कार्यहरु यसै बमोजिम भएको मानिनेछ ।प्रचलित संघीय तथा प्रादेशिक कानुन सगं बाझिएमा बाझिएको हद सम्म खारेज हुनेछ ।

प्रमाणीकरण मिति :२०८२।०६।०२

आज्ञाले,
मनोज कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

हनुमाननगर कंकालिनी नगरपालिका नगर अस्पताल सञ्चालन कार्यविधि २०८



Scanned with CamScanner